बैठक नं. २१

आज मिति २०७४/११/१० गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उप-महानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री शिवराज सुवेदीज्यूको अध्यक्षता र निम्न नगर सभाका सदस्यहरुको उपस्थितिमा बुटवल उप-महानगरपालिकाको दोस्रो नगर सभाको बैठक बसियो।

समय: दिनको ११:०० बजे।

स्थान : बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको सभाहल।

उपस्थिति:

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख/अध्यक्ष | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख/उपाध्यक्ष | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद बस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदीश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २३ | विमला श्रेष्ठ | सदस्य | |
| २४ | सुस्मा कुमारी अर्याल | सदस्य | |
| २५ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | रन्जित शेरचन | सदस्य | |
| २८ | डिल प्रसाद नेपाली | सदस्य | |
| २९ | विष्णु कुमारी नेपाली | सदस्य | |
| ३० | ज्ञानु कुमारी लिंगल | सदस्य | |
| ३१ | मदन कुमार श्रेष्ठ | सदस्य | |
| ३२ | सतिश कसौधन | सदस्य | |
| ३३ | कमला देवी नगरकोटी | सदस्य | |
| ३४ | खगिसरा गुरुङ्ग | सदस्य | |
| ३५ | प्रेम बहादुर गाहा मगर | सदस्य | |
| ३६ | सुनिल शाक्य | सदस्य | |
| ३७ | सुमित्रा बि.क. | सदस्य | |
| ३८ | सरस्वती कुँवर | सदस्य | |
| ३९ | चीन बहादुर गुरुङ्ग | सदस्य | |
| ४० | लिला प्रसाद श्रेष्ठ | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४१ | कमला विश्वकर्मा | सदस्य | |
| ४२ | चन्दा कुमारी गौतम | सदस्य | चन्दा |
| ४३ | सुरेन्द्र कुमार श्रेष्ठ | सदस्य | |
| ४४ | धन माया विश्वकर्मा | सदस्य | धन माया |
| ४५ | छली मियाँ | सदस्य | छली |
| ४६ | प्रदिप श्रेष्ठ | सदस्य | |
| ४७ | यम बराल | सदस्य | |
| ४८ | पार्वती सुनार | सदस्य | |
| ४९ | नन्दा थापा मगर | सदस्य | |
| ५० | टिका राम पाण्डेय | सदस्य | |
| ५१ | वीर मान लामा | सदस्य | — |
| ५२ | गीता वि.क. | सदस्य | |
| ५३ | वविता के.सी वस्नेत | सदस्य | |
| ५४ | नविन थापा | सदस्य | |
| ५५ | गोमती सुनार | सदस्य | |
| ५६ | गोमा ज्ञवाली | सदस्य | |
| ५७ | भुवानी प्रसाद उपाध्याय | सदस्य | |
| ५८ | दल वहादुर थापा | सदस्य | |
| ५९ | शोभा सार्की | सदस्य | |
| ६० | शिव बाहादुर अधिकारी | सदस्य | |
| ६१ | विजय गुरुङ्ग | सदस्य | |
| ६२ | कलावती के.सी. | सदस्य | |
| ६३ | बल वहादुर पुन मगर | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६४ | नन्द बहादुर थापा | सदस्य | |
| ६५ | मायादेवी दमाई | सदस्य | |
| ६६ | नकुल शाही ठकुरी | सदस्य | |
| ६७ | रण बहादुर थापा मगर | सदस्य | |
| ६८ | भूमी सुनार | सदस्य | |
| ६९ | विष्णु शाही | सदस्य | |
| ७० | भुपेन्द्र शमशेर थापा | सदस्य | |
| ७१ | त्रिल बहादुर क्षेत्री | सदस्य | |
| ७२ | सरस्वती परियार नेपाली | सदस्य | |
| ७३ | बेद प्रसाद गैरे | सदस्य | |
| ७४ | खुमानन्द पौडेल | सदस्य | |
| ७५ | धन मायाँ सुनार | सदस्य | |
| ७६ | नरमदा खत्री | सदस्य | |
| ७७ | श्रीराम कठरिया थारु | सदस्य | |
| ७८ | युवराज सारु | सदस्य | |
| ७९ | अन्जली गोतामे | सदस्य | |
| ८० | चम्पा देबी रेग्मी | सदस्य | |
| ८१ | नगेन्द्र प्रसाद आचार्य | सदस्य | |
| ८२ | कृष्ण प्रसाद भुसाल | सदस्य | |
| ८३ | निरु वि.क | सदस्य | |
| ८४ | बाल कुमारी आचार्य | सदस्य | |
| ८५ | गगन बहादुर गुरुङ्ग | सदस्य | |
| ८६ | सन्त प्रसाद थारु | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | यम कलि सुनार | सदस्य | |
| ८८ | माया देवी क्षेत्री | सदस्य | माया |
| ८९ | देवी प्रसाद काफ्ले | सदस्य | |
| ९० | गोपी कृष्ण पाण्डे | सदस्य | |
| ९१ | दिपा हरिजन | सदस्य | दिपा |
| ९२ | सुमित्रा गाहा मगर | सदस्य | सुमित्रा |
| ९३ | कन्हई प्रसाद थारु | सदस्य | |
| ९४ | गोपाल नेपाल | सदस्य | |
| ९५ | बिना कुमारी दर्नाल | सदस्य | बिना |
| ९६ | लक्ष्मी थारु | सदस्य | |
| ९७ | बालकिसन थारु | सदस्य | |
| ९८ | कुमार प्रसाद थारु | सदस्य | कुमार प्रसाद थारु |
| ९९ | भरतमणी पाण्डे | सचिव | |

**बुटवल उप-महानगरपालिकाको दोश्रो नगर सभाको पहिलो बैठक सभाका अध्यक्ष श्रीमान् शिवराज सुवेदीज्यूले प्रारम्भ गर्नु भयो ।**

**प्रस्ताव नं २.१.१**

आजको सभामा प्रस्तुत गरिने स्वीकृत कार्यसूची अनुसार दोश्रो नगरसभा बैठक प्रारम्भ गरी नेपाल सरकार र प्रदेश सरकार प्रमुखज्यूहरु, लगायत मन्त्रिपरिषदका सदस्यज्यूहरु समेतमा बधाई एवं शुभकामना व्यक्त गर्ने पहिलो प्रस्ताव रहेको हुदा देहाय बमोजिमको प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

**निर्णय नं २.१.१**

नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौ । लोकतान्त्रिक गणतन्त्र नेपालको परिर्वतनका क्रममा घाइते तथा अंगभंग हुनु भएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । ऐतिहासिक प्रथम नगरसभा र दोस्रो नगर सभाको बिचको अवधिमा प्रदेश र संघका निर्वाचनहरु सम्पन्न भएका छन् । प्रदेश र संघको निर्वाचन पश्चात् बुटवललाई ५ नं प्रदेशको राजधानी बनाउनमा अहोरात्र खटिई योगदान पु-याउनु हुने शैक्षिक तथा सामाजिक संस्था, व्यवसायिक संघ संस्था, उद्योगी, व्यापारी, किसान, मजदुर, शिक्षक, बिद्यार्थी, कलाकार, जनप्रतिनिधिज्यूहरु सवै पार्टीका नगर, जिल्ला एवं केन्द्रीय तहका नेतागण, संचार माध्यम, संचारकर्मी, सवैमा यो बैठक धन्यवाद ज्ञापन गर्दछ ।

संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा हालै सम्पन्न आम निर्वाचनबाट निर्वाचित भई नेपाल सरकारको प्रधानमन्त्री हुनु भएका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू र वहाँको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद् एवं ५ नं प्रदेश सरकारका मा.मुख्य मन्त्री शंकर पोखरेलज्यू र वहाँको नेतृत्वमा मन्त्रिपरिषद् गठन भएकोमा हार्दिक वधाई व्यक्त गर्दछौ । नवनियुक्त सम्माननीय प्रधान मन्त्रीज्यू र माननीय मुख्य मन्त्रीज्यूको नेतृत्वमा देशले समृद्धि स्थायित्व र विकासमा महत्वपूर्ण योगदान हासिल गरोस् भन्ने शुभकामना व्यक्त गर्दछौ।

**प्रस्ताव नं २.१.२**

**बुटवल उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.२**

कार्य सूचि नं २ मा रहेको “**बुटवल उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७४**” सभाका सदस्य एवं सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक महेन्द्र लिगलबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयक माथि छलफलका लागि सभाका सदस्यहरुलाई समय उपलब्ध गराई दफावार छलफलको समय समाप्त भए पश्चात उक्त प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक २०७४ नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६बमोजिम सभामा निर्णयार्थ पेश भएकोमा सर्व सहमति भएको हुदा देहाय बमोजिमको प्रशासकीय कार्यविधि (नियमति गर्ने) विधेयक २०७४ पारित गर्ने निर्णय गरियो ।

**बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन २०७४**

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधिनमा रही संविधानको धारा २२३ वमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभा ले यो ऐन बनाई लागू गरेको छ,

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बुटवल उप-महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ .

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन”भन्नाले बुटवल उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बुटवल नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) “उप-महानगरपालिका”भन्नाले बुटवल उप-महानगरपालिका सम्झनुपर्छ ।

(घ ) “वडा”भन्नाले बुटवल उप-महानगरपालिकाको वडा सम्झनुपर्छ ।

(ङ) “सभा”भन्नाले संविधानको धारा २२३ वमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

३. नियम बनाउने नगर कार्यपालिकाकोअधिकार : (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम उप-महानगरपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न बिषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न बिषय क्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त उप-महानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा उप-महानगरपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका बिषयमा समेत आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ ।

४. बचाउः यो ऐन प्रारम्भ हुनु पूर्व बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा बनाई लागु गरिएका नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड आदि यसै ऐन बमोजिम भएको मानिनेछ ।

**प्रस्ताव नं २.१.३**

**नगर शिक्षा विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.३**

कार्य सूचि नं ३ मा रहेको **“नगर शिक्षा विधेयक २०७४”** सभाका सदस्य एवं सामाजिक विकास समितिका संयोजक सिता कुमारी थापाबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयक विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.४**

**नगर सहकारी विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.४**

कार्य सूचि नं ४ मा रहेको **"नगर सहकारी विधेयक २०७४"** सभाका सदस्य एवं आर्थिक समितिका संयोजक टंक प्रसाद पराजुलीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयक विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित आर्थिक समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.५**

**कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.५**

कार्य सूचि नं ५ मा रहेको " **कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७४"** सभाका सदस्य एवं आर्थिक समितिका संयोजक टंक प्रसाद पराजुलीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयकलाई, विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित आर्थिक समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.६**

**फोहरमैला व्यवस्थापन विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.६**

कार्य सूचि नं ६ मा रहेको " **फोहर मैला व्यवस्थापन विधेयक २०७४"** सभाका सदस्य एवं वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक नारायण प्रसाद पुनबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयकलाई, विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित वातावरण तथा विपद व्यवस्थापन समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.७**

**औद्योगिक व्यवसाय विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.७**

कार्य सूचि नं ७ मा रहेको " **औद्योगिक व्यवसाय विधेयक २०७४"** सभाका सदस्य एवं आर्थिक समितिका संयोजक टंक प्रसाद पराजुलीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयकलाई विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित आर्थिक समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.८**

**निर्माण व्यवसाय विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.८**

कार्य सूचि नं ८ मा रहेको "**निर्माण व्यवसाय विधेयक २०७४**" सभाका सदस्य एवं पूर्वाधार विकास समितिका संयोजक राम प्रसाद रेग्मीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयक विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित पूर्वाधार विकास समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.९**

**सार्वजनिक निजी साझेदारी विधेयक २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.९**

कार्य सूचि नं ९ मा रहेको "**सार्वजनिक निजी साझेदारी विधेयक २०७४**" सभाका सदस्य एवं आर्थिक समितिका संयोजक टंक प्रसाद पराजुलीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत विधेयक विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित आर्थिक समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.१०**

**सार्वजनिक निजी साझेदारी नीति २०७४ सम्बन्धमा ।**

**निर्णय नं २.१.१०**

कार्य सूचि नं १० मा रहेको "**सार्वजनिक निजी साझेदारी नीति २०७४**" सभाका सदस्य एवं आर्थिक समितिका संयोजक टंक प्रसाद पराजुलीबाट सभा समक्ष प्रस्तुत एवं टेवुल भयो । प्रस्तुत नीति विधेयक समिति मार्फत नगर कार्यपालिकाबाट गठित आर्थिक समितिमा दफावार छलफलका लागि पठाउने र विषय विज्ञ एवं सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी विधेयक समितिले पुनः नगरसभाको बैठकमा छलफल एवं स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.१.११**

**बैठक समापन सम्बन्धमा ।**

**निर्णय नं २.१.११**

आजको निर्धारित कार्यसूचि अनुसार प्रस्ताव भई टेबुल भएका बिधेयक एवं नीतिहरु माथि विधेयक समिति मार्फत सम्बन्धित समितिहरुमा दफावार छलफल गरी पेश हुन आउने विधेयक माथि छलफल गर्न मिति २०७४/११/१४ गते सोमवार बिहान ७:०० वजे पुनः नगर सभाको वैठक वस्ने गरी आजको यो बैठक समापन गर्ने निर्णय गरियो ।